केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : nrbbfirdppd@nrb.org.np
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/४५/०६६/६७ मिति : २०६७/०२/१०

**इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको लागि देहायका विषयको सम्बन्धमा देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१. इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई प.सं. बै.वि.नि.वि./नीति/परिपत्र/१५/ ०६६/६७ मिति २०६६/०७/२२ मा जारी परिपत्रबाट ती संस्थाहरुले मर्चेण्ट बैकिङ्ग सम्बन्धी कार्य गर्न चाहेमा सो प्रयोजनार्थ विद्यमान नीतिगत व्यवस्थाको अधिनमा रही छुट्टै सहायक कम्पनी स्थापना गर्नुपर्ने व्यवस्था अनुसार सो निर्देशनमा देहायको व्यवस्थाहरु थप गरिएको छ ।

(क) सहायक कम्पनी स्थापना गर्न यस बैंकको सैद्धान्तिक सहमति र स्वीकृतिको लागि पेश गरिने निवेदनको साथमा सहायक कम्पनीको प्रबन्धपत्र र नियमावली समेत यस बैंकमा पेश गर्नुपर्ने छ ।

(ख) मर्चेण्ट बैकिङ्ग सम्बन्धी कार्य गर्ने छुट्टै सहायक कम्पनीमा लगानी गर्दा इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाको वित्तीय स्वार्थ स्थापित हुने भएकोले उक्त सहायक कम्पनीमा गरिएको कुल लगानी रकमलाई पुंजीकोष गणना गर्दा प्राथमिक पुंजीबाट घटाई पुंजीकोष कायम गर्नुपर्ने छ ।

२. इजाजतपत्रप्राप्त संस्थालाई जारी एकीकृत निर्देशन, २०६६ को निर्देशन नं. ८/०६६ (लगानीसम्वन्धी व्यवस्था) को बुँदा नं. ३ मा देहाय अनुसारको बुँदा नं. (५) कायम गरिएको छ ।

"मुख्य कम्पनीको संचालक समिति वा संचालक समितिका अध्यक्ष/सदस्य सहायक कम्पनीको संचालक समिति वा संचालक समितिको अध्यक्ष/सदस्यको रुपमा रहन पाउने छैनन् । यो निर्देशन जारी हुनुपूर्व इजाजतपत्रप्राप्त संस्थाका संचालक सहायक कम्पनीको पनि संचालक रहेकाको हकमा मुख्य कम्पनीको आसन्न पहिलो साधारणसभा वा यो परिपत्र जारी भएको मितिले एक वर्षभित्र मध्ये जुन पहिले हुन्छ, सो अवधिभित्रमा हटिसक्नुपर्ने छ ।"

३. इजाजतपत्रप्राप्त संस्थालाई जारी एकीकृत निर्देशन, २०६६ को निर्देशन नं. ६/०६६ (संस्थागत सुशासन सम्बन्धी व्यवस्था) को बुँदा नं. ६ मा (ड) थप गरी देहायको नीतिगत व्यवस्था कायम गरिएको छ ।

"यस बैंकबाट थोक कर्जा कारोबार मात्र गर्ने इजाजतपत्र पाएका "घ" वर्गको लघुवित्त विकास बैंकको संस्थागत संस्थापक शेयरधनीहरुलाई सोही संस्थाबाट कर्जा प्रवाह गर्न छुट प्रदान गरिएको छ । यस्तो ऋणी संस्थाबाट थोक कर्जा कारोबार गर्ने संस्थाको संचालक समितिमा प्रतिनिधित्व भएको अवस्थामा समेत कर्जा प्रवाह गर्न वाधा पर्ने छैन ।"

भवदीय,

(लक्ष्मीप्रपन्न निरौला)
निर्देशक

<u>बोधार्थ :</u>

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
३. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
७. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
८. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
९. श्री नेपाल वित्त कम्पनी संघ, वागदरवार, विजनेस कम्प्लेक्स, काठमाण्डौं ।
१०. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं ।